"बालबालिकामा लगानी, ल्याउँछ सुनौलो बिहानी"

# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त घोषणा पश्चात दिगोपनको लागि रणनीतिक योजना

## आ.व. २०८१/०८२ देखी २०८५/८६ सम्म

**प्रकाशकः**

हेटौंडा उपमहानगरपालिका नगरपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर, बागमती प्रदेश, नेपाल

प्रकाशन मितिः २०८१।१०।१५

**सल्लाहकारः**

श्री मिना कुमारी लामा, नगर प्रमुख, हेटौंडा उपमहानगरपालिका
श्री राजेश बानियाँ, नगर उपप्रमुख, हेटौंडा उपमहानगरपालिका
श्री सुर्य प्रसाद गौतम, प्रमुख प्रशासकीय अधिकृत, हेटौंडा उपमहानगरपालिका
श्री विष्णु कुमारी लामिछाने, निर्देशक, हेटौंडा उपमहानगरपालिका
श्री वडा अध्यक्षज्यूहरु (सबै) ।

**लेखन तथा सम्पादनः**

श्री बिना माया थिङ्ग, प्रमुख,महिला तथा बालबलिका शाखा, हेटौंडा उपमहानगरपालिका।
श्री निर्मला दाहाल, स.म.वि.नि. महिला तथा बालबालिका शाखा, हेटौंडा उपमहानगरपालिका।
श्री सपना ढुङ्गाना, नगर सहजकर्ता, महिला तथा बालबालिका शाखा, हेटौंडा उपमहानगरपालिका।

**सहयोगः**
विषयगत शाखा प्रमुखहरु,
बालमैत्री वडा सम्पर्क व्यक्तिहरु
बालमैत्री स्थानीय शासन वडा सहजकर्ताहरु

**सर्वाधिकारः हेटौंडा उपमहानगरपालिका**

# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हेटौंडा, मकवानपुर
### बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः
चलानी नं.:

## मेरो भनाई


सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, घोषणा कार्यविधि, २०७९ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस हेटौंडा उपमहानगरपालिकाले २०७९ भाद्र ५ गते सरोकारवालाहरुको समुपस्थितिमा प्रतिवद्दतामा हस्ताक्षर गरी २०७९ भाद्र २४ गते कार्यपालिकावाट निर्णय गरी बालमैत्री स्थानीय शासन अभियान कार्यान्वयन प्रक्रिया अगाडि बढाएको थियो। गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हीत, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाऊ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्न हेटौंडा उपमहानगरपालिकाले शासकीय पद्दतिमा बालअधिकारको संरक्षण तथा सुनिश्चितताको लागि बालमैत्री स्थानीय शासन अभियान सञ्चालन गर्दै आईरहेको छ। बालबालिकाको अधिकारको संरक्षण र प्रबर्द्धन गर्दै बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका तथा कार्यविधिमा उल्लेख भएका ५१ सूचकमा टेकेर यस उपमहानगरपालिकाले १९ वटै वडामा बालबालिकाको क्षेत्रमा लगानी गर्दै आइरहेको छ। बालमैत्री स्थानीय शासनका ५१ सूचकहरुमा हेटौंडा उपमहानगरपालिकाले ४३ वटा सूचकमा १००%, १ वटा सूचकमा ९९.९४%, १ वटा सूचकमा ९९.८९%, १ वटा सूचकमा ९९.८७%, १ वटा सूचकमा ९९%,१ वटा सूचकमा ९८.६३%,, १ वटा सूचकमा ९६.८४%, १ वटा सूचकमा ९१%, १ वटा सूचकमा ८८.०६%, नतिजा हासिल गरेको छ।

बालमैत्री घोषणाका अन्तिम चरणमा पुगेको हेटौंडा उपमहानगरपालिकाले १९ वटै वडाको यथासम्भव विवरण संकलन गरी "बालबालिकाको स्थिती प्रतिवेदन, २०८१ प्रकाशन गरेको छ। बालबालिकाको बारेमा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराई आगामी दिनमा बालबालिकाको लागि अपनाउनु पर्ने नीति तथा कार्यक्रमको तर्जुमा गर्न सबै सरकारी तथा गैरसरकारी निकायलाई सहयोग पुग्नेछ भन्नेमा हामी बिश्वस्त छौं। साथै प्रकाशनमा भएका कमी कमजोरी औंल्याईदिनु हुन र आगामी अध्यावधिक प्रकाशनका लागि सुझाव र सहयोग गरिदिनु हुन समेत सम्पूर्णमा अनुरोध गर्दछु ।

यस पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने वडागत अन्तिम सूचक मापनमा सहभागी सरोकारवालाहरु, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगर बालसमूह संजालको अध्यक्ष, बालमैत्री वडा सम्पर्क व्यक्तिहरु, वडा सचिवहरु, बालमैत्री नगर तथा वडा सहजकर्ताहरु तथा सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। विशेषगरी महिला, बालबालिका तथा सामाजिक समावेशीकरण महाशाखाका सबै कर्मचारीहरु र प्रकाशनमा सूचना उपलब्ध गराई सहयोग गर्ने सबै विषयगत शाखा, महाशाखा, संघ संस्थाहरु, बालमैत्री स्थानीय शासन नगर तथा वडा समितिका पदाधिकारीहरु लगायत सम्पूर्णमा आभार प्रकट गर्दै बालबालिकाको उज्ज्वल भविष्यको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नगर प्रमुख
मिना कुमारी लामा
अध्यक्ष, बालमैत्री स्थानीय शासन नगर समिति

## हेटौंडा उपमहानगरपालिकाको नक्सा




## १. हेटौंडा उपमहानगरपालिकाको परिचय

### हेटौंडा उपमहानगरपालिकाको चिनारी, ऐतिहासिक पृष्ठभूमि तथा बिशेषता :

वि.स. २०२६ साल मंसिरमा हेटौंडालाई तत्कालीन सरकारले नगर पञ्चायतको घोषणा गरेपछि साबिकको गाउँ पञ्चायतले नगरको रुपमा मान्यता पाएपछि क्रमशः शहरीकरण तर्फ उन्मुख भएको देखिन्छ । वि.स.२०४८ सालमा नगरपालिका घोषणा भएपछि स्थानीय जनप्रतिनिधिहरु मार्फत विकासले गति लिएको हो भन्न सकिन्छ । नेपाल सरकारले मिति २०७१ बैसाख २१ र २०७१ मंसिर १६ मा गरेको निर्णय अनुसार साविकका छिमेकी गाविसहरू (चुरियामाई, पदमपोखरी, हटिया, हर्नामाडी र बसामाडी) यस नगरमा गाभिए पश्चात् नेपालको संविधानको धारा २९५ बमोजिम गठित स्थानीय तह (नगर कार्यपालिकाको कार्यालय) हेटौंडा उपमहानगरपालिका २०७३ फाल्गुन २७ गतेबाट विधिवतरुपमा प्रारम्भ भयो ।

### उपमहानगरपालिकाको भौगोलिक अवस्थितिः

हेटौंडा उमनपा २८ डिग्री ३२ मिनेट ३१ सेकेण्ड उत्तर देखि २७ डिग्री १९ मिनेट ५८ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ५३ मिनेट २७ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । यस नपाको उत्तरमा मकवानपुर गढी, भिमफेदी र कैलाश गाउँपालिका, पूर्वमा बकैया गाउँपालिका, पश्चिममा मनहरी र राक्सिराङ्ग गाउँपालिका तथा दक्षिणमा पर्सा र बारा जिल्ला पर्दछन् । जिल्लाको कुल क्षेत्रफल २४२६ वर्ग किमी मध्ये लगभग ११ प्रतिशत भू-भाग यस उमनपाले ओगटेको छ । मिति २०७१/०१/२१ गतेको नेपाल सरकारको निर्णयानुसार साविकको हेटौंडा नपामा ४ वटा गाविस गाभिए पश्चात २५ वटा वडासहितको हेटौंडा नपा कायम रहेको थियो । त्यसपश्चात मिति २०७१/०८/१६ गतेको नेपाल सरकारको निर्णयानुसार २५ वटा वडाबाट १९ वडामा विभाजन भइ हेटौंडा उप-महानगरपालिका कायम भएको थियो ।

## क्षेत्रफल, सिमाना र वडा विभाजन

हेटौंडा उपमहानगरपालिकाको कुल क्षेत्रफल २६१.५८ वर्ग कि.मि. रहेको छ । उपमहानगरपालिकाको पूर्वमा बकैया गाउँपालिका, पश्चिममा मनहरी र राक्सीराङ गाउँपालिकाहरू, उत्तरमा मकवानपुरगढी, भीमफेदी र कैलाश गाउँपालिकाहरू रहेका छन् । दक्षिणतर्फ मधेश प्रदेश अन्तर्गतको बारा जिल्लाको उत्तरी सिमाना पर्दछ । यस उपमहानगरपालिकालाई १९ वडामा विभाजन गरिएको छ।

### हाल कायम रहेका वडाहरूको विवरण:

| हाल कायम रहेका वडाहरू | वडाको क्षेत्रफल (वर्ग कि.मी.) | समायोजन भएका साविकका वडाहरू |
|---|---|---|
| १ | १४.८६ | हे.न.पा. १ र बसामाडीको ८ र ९ |
| २ | २.३३ | हे.न.पा. २ र ३ |
| ३ | १५.५६ | वसामाडीको ३ र ५ |
| ४ | १.६८ | हे.न.पा. ४ |
| ५ | ६.०७ | हे.न.पा. ५ |
| ६ | ८.५४ | हे.न.पा. ६ |
| ७ | ३.८५ | हे.न.पा. ७ |
| ८ | ५.७६ | हे.न.पा. ८ |
| ९ | ३.८६ | हे.न.पा. ९ |
| १० | २.४ | हे.न.पा. १० |
| ११ | ९.६६ | हे.न.पा. ११ |
| १२ | १६.१४ | पदमपोखरी ४, ५, ७, ८ |
| १३ | २१.४१ | पदपोखरी १, २, ३ र ६ |
| १४ | १६.३२ | चुरियामाई १ र २ |
| १५ | १८.७७ | चुरियामाई ३, ४, ५, ६, ७, ८ र ९ |
| १६ | १८.९५ | हटिया ५, ७, ८ र ९ |
| १७ | १५.०२ | हटिया १, २, ३, ४ र ६ |
| १८ | ३३.३६ | हर्नामाडीका सबै वडाहरू |
| १९ | ४७.०४ | वसामाडी १, २, ४, ६ र ७ |
| जम्मा | २६१.५८ | स्रोत: हेउमनपा |

## २. बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चात दिगोपनाका लागि रणनीतिक योजना

### पृष्ठभूमिः

सुदृढ, सक्षम, जवाफदेही स्थानीय शासन पद्धति मार्फत बाल अधिकारको समग्र पक्ष कार्यान्वयन गरी नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहमा बाल अधिकार सुनिश्चित गर्न ल्याइएको शासकीय अवधारणा नै बालमैत्री स्थानीय शासन हो। संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ दफा १२ को उपदफा २ को (ग), बालबालिका सम्बन्धी ऐन २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC),१९८९, लगायत बालबालिका सम्बन्धी अन्य कानून, वडा नगरको नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गरेको छ। यो समुदायको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भईसकेको छ। यस सन्दर्भमा बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ। यस उपमहानगरले सोही कार्यलाई आत्मसाथ गर्दै बालमैत्री स्थानीय शासन र बाल अधिकारको विषयलाई समग्र कार्य पद्धति र प्रणालीमा समावेश गर्ने प्रतिवद्धता गरेको छ।

असहाय, अनाथ, अपाङ्गता, जोखिममा रहेका बालबालिकाको संरक्षणमा जोड दिदै सबै सरकोरवालाहरुको सहभागिता सहितको बाल सहभागिताको माध्यमबाट बालबालिकाको अधिकार संरक्षण र प्रर्वद्धन गर्न योजनावद्ध कार्यक्रमहरु सञ्चालन गरी यस हेटौंडा उपमहानगरपालिकालाई २०८१ फल्गुण १ गते बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गरी घोषणा पश्चात यसको निरन्तर दिगोपनाको सुनिश्चित गर्नको लागि यो बालमैत्री स्थानीय शासन घोषणा पश्चातको रणनीतिक योजना तयार गरिएको छ।

### २.१ रणनीतिक योजनाको लक्ष्यः

यस बालमैत्री स्थानीय शासन घोषणा पश्चातको दिगोपनाको लागि तयार गरिएको रणनीतिक योजनाका लक्ष्य, उद्देश्य तथा रणनीतिहरु यसप्रकार रहेका छन्।

लक्ष्यः सुदृढ, सक्षम र जवाफदेही स्थानीय शासन पद्धति मार्फत बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्दै बाल अधिकारको सुनिश्चततालाई निरन्तरता दिने।

### २.२ रणनीतिक योजनाको उद्देश्यहरुः

१. बालमैत्री स्थानीय शासनयुक्त नगर तथा वडा घोषणा पश्चात पनि प्राप्त उपलब्धिहरु कायम राख्ने,
२. बालमैत्री स्थानीय शासनका ५१ वटै सूचकहरु शत प्रतिशत हासिल गर्ने,
३. बालबालिकालाई प्रदान गरिने सेवा र अधिकारको क्षेत्रगत गुणस्तरमा सुधार गर्ने,
४. रणनीतिक योजना बमोजिम उचित लगानी गर्ने,
५. थप गुणस्तरीय बालमैत्री वातावरण तयार गर्ने,
६. सरोकारवालाहरुको अपनत्व बोध गराउँदै समग्र वडाको शासकीय पद्धतिलाई बालमैत्री बनाउने।

### २.३ रणनीतिक योजना तर्जुमा प्रक्रियाः

वि.सं. २०७९ भदौ ५ गते देखि बालमैत्री स्थानीय शासन अवलबन गरी विविध चरणमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, कार्यविधिहरु, बालबालिकाको आवधिक लगानी योजना, बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्ययोजना लगायतका योजनाहरु निर्माण गरी उक्त नीति तथा योजनाहरु कार्यान्वयन गरिएको छ। बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा तोकिएको न्यूनतम ५१ ओटा सूचक तथा ५ चरणको २८ ओटा तहगत खुड्किलाहरुलाई मूल आधार मानी उक्त सूचक तथा तहगत खुडकिला प्राप्त गरीसकेको अवस्था छ। हासिल

भएका उपलब्धीलाई निरन्तर टिकाई राख्न अत्यन्त जरुरी छ। बालमैत्री स्थानीय शासनयुक्त घोषणा पश्चात यसको दीगोपनाका लागि रणनीतिक योजना तयारी गर्दा विशेष रुपमा निम्न प्रक्रिया अवलम्बन गरिएको छः

- वडाका जनप्रतिनिधिहरु, वडा सचिव, बालबालिका, प्रतिनिधि, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्था ,बालमैत्री वडा सहजकर्ता, टोल विकास संस्थाहरुसंग कार्यशाला गोष्ठी,
- बिषयगत तथ्याङ्क अध्यावधिक (अभिलेखको आधार),
- बैठकमा सूचना संकलन गरी नगर र वडा सरोकारवालाहरुसंग सुझाव र पृष्ठपोषण माग ,
- उपमहानगरस्तरीय बालवस्तुगत विवरण,
- स्थलगत अनुगमन,
- नगरको नीति तथा कार्यक्रम वजेट।

## २.४ पञ्चबर्षीय रणनीतिक योजना तर्जुमाको औचित्यः

बालमैत्री स्थानीय शासन घोषणा गर्नु मात्र आफैमा पूर्ण प्रक्रिया होइन। घोषणा पश्चातको दिगोपना र निरन्तरतालाई ध्यानमा राख्न नसकिएमा घोषणा गर्नुको औचित्य नरहन सक्छ। त्यसकारण बालमैत्री स्थानीय शासनलाई निरन्तर टिकाइ राख्न रणनीतिक योजनाको विशेष आवश्यकता महशुस गरी यो पञ्चवर्षिय रणनीतिक योजना तयार गरिएको छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार बाल बचाऊ, बाल संरक्षण, बाल बिकास, बाल सहभागिता तथा संस्थागत विकास अन्तर्गत सूचकहरुमा ४५ वटा सूचक १०० प्रतिशत र ४ वटा सूचक अधिकतम ९५ र न्यूनतम ८० प्रतिशत नतिजा प्राप्त गरेपश्चात घोषणा गर्न सकिने प्रावधान भएतापनि त्यसले पूर्णता नपाउने देखिन्छ ।तसर्थ बाल बचाऊको पूर्ण स्तनपान, गर्भवती र सुत्केरी जाँच, आइरन चक्की, हात धुने आनी बानी, त्यसैगरी बाल संरक्षणका बाल विवाह, बालश्रम, घरेलु हिंसा, बाल संरक्षण प्रणाली, बाल विकास अन्तर्गत बालमैत्री शिक्षण सिकाइ, आधारभूत शिक्षा, छात्रामैत्री शौचालय, बाल सहभागिता अन्तर्गत निर्णय प्रक्रियामा सहभागिता, बाल समूहको क्षमता विकास एवं सक्रियता र संस्थागत विकास अन्तर्गत विद्यालय व्यवस्थापन समितिको क्रियाशिलता लगायतका सूचकहरुमा ८० प्रतिशत नतिजा प्राप्त गर्दा बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्न सकिने भएपनि गरेका ५१ सूचकहरुमा हेटौंडा उपमहानगरपालिकाले ४३ वटा सूचकमा १००%, १ वटा सूचकमा ९९.९४%, १ वटा सूचकमा ९९.८९%, १ वटा सूचकमा ९९.८७%, १ वटा सूचकमा ९९%,१ वटा सूचकमा ९८.६३%,, १ वटा सूचकमा ९६.८४%, १ वटा सूचकमा ९१%, १ वटा सूचकमा ८८.०६%, नतिजा हासिल गरेको छ ।उल्लेखनीय सुधार र निरन्तरताका साथ शत प्रतिशत लक्ष्य प्राप्तिका लागि यो रणनीतिक योजनाको औचित्य रहेको छ। साथै शत प्रतिशत नतिजा प्राप्त भएका सूचकहरुमा सोही नतिजाको निरन्तरताको लागि समेत यो रणनीतिक योजनाको औचित्य रहेको छ।

# ३. हेटौडा उपमहानगरपालिकाको शासकीय अवस्था विश्लेषणः

| | |
|---|---|
| सबल पक्ष | ❖ नगरका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण वडाका जनप्रतिनिधी, राजनीतिक दल र मुख्य बिषयगत सरोकारवालाहरु नगरको समृद्धि र विकासका लागि एकजुट हुने गरेको,<br>❖ खुल्ला दिशा मुक्त, पूर्ण खोपयुक्त तथा पूर्ण साक्षर नगर घोषणा भएको,<br>❖ शैक्षिक संस्थाको पहुँच रहेको,<br>❖ बालमैत्री स्थानीय शासनको सवालमा समुदाय सचेत भएको,<br>❖ बालमैत्री स्थानीय शासनको सवालमा उत्पन्न समस्या माथि कार्यपालिकाले बिशेष चासो लिई |

| | |
|---|---|
| | समाधान गर्ने गरेको,<br>❖ बाल समूह तथा बाल समूह संजाल सक्रिय भएका,<br>❖ बालमैत्री स्थानीय शासन पद्धतिको विकास भएको,<br>❖ बाल अधिकार संरक्षण नीति, बालबालिका सम्बन्धी ऐन लगायतका कानून कार्यान्वयनमा रहेको,<br>❖ बालमैत्री सहजकर्ता निरन्तर परिचालन हुनु,<br>❖ वडा तथा नगरमा बालमैत्री शाखाको स्थापना हुनु र वडामा १ जना जनप्रतिनिधि सम्पर्क व्यक्तिको रुपमा तोकिएको। |
| दुर्वल पक्ष | ❖ मागको आधारमा श्रोत साधनको उपलब्धतामा कमी छ,<br>❖ दूर्गम क्षेत्रमा जनचेतनाको कमी छ,<br>❖ सबै विद्यालयका भौतिक संरचना बालमैत्री अपाङ्गमैत्री व्यवस्थापनमा एकरुपता छैन,<br>❖ ग्रामिण र क्रसर क्षेत्र भएकोले बालश्रम अन्त्य गर्न कठिन छ,<br>❖ बालबालिका लागुपदार्थ दुर्व्यसनमा लाग्ने जोखिम बढ्दो छ,<br>❖ मुलुक, जिल्ला तथा पालिकाबाहिरका सबै बालबालिका तथा परिवारका आवश्यकताको सम्बोधन गर्न नसकिनु । |

## ४. हेटौडा उपमहानगरपालिकाको बालमैत्री स्थानीय शासनका सूचकहरुको विद्यमान अवस्थाः

हेटौंडा उपमहानगरपालिकाको सबै वडाको बालमैत्री स्थानीय शासनका सूचकहरुको अन्तिम अवस्था मापन गरी तयार गरिएको अन्तिम प्रतिवेदनको आधारमा नगरको सूचकको अवस्था देहाय बमोजिमको रहेको छः

### क) बाल बचाऊ

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरिएका बाल वचाऊ सम्बन्धी सूचकहरुको नगरको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था (०८०।०८१ | हालको अवस्था (२०८१ पौष सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | | १००% | ९५% | जम्मा १९६५ जना गर्भवति मध्ये सबैले समयानुसार जाँच गराएका छन्। १९४३ जना सुत्केरी आमा सहित नवजात शिशु सबैले समयानुसार जाँच गराएका छन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | ९९.८९% | ९५% | १९६५ जना गर्भवति मध्ये समय पुगेका १९६३ जनाले टिडी विरुद्धको दुबै खोप लगाएकाछन्। २ जनाले दोश्रो थप खोप लगाएका छैनन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन् । | | ९९.८७% | ९५% | १९६५ जना गर्भवति र १९४३ सुत्केरी जना मध्ये ५ जना सुत्केरी बाहेक सबैले २२५ वटा आईरन चक्कि खाएका छन र नियमित खादैछन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | | ९९.% | ८०% | १९४३ जना सुत्केरी मध्ये स्वास्थ्य संस्थामा १८९६ जना र घरमा ४७ जना सुत्केरी भएका छन्। घरमा भएको सुत्केरी मध्ये २८ जना दक्ष स्वाथ्यकर्मिको सहयोगमा र १९ जना स्वास्थ्यकर्मीको सहयोग बिना सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | | ८८.०६% | ८०% | ६ महिनाका १७४३ जना शिशु मध्ये १५३५ जना शिशुले पूर्ण स्तनपान पाएका छन्। |
| ६ | छ महिना देखि पाँच वर्ष मूनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | | १००% | १००% | ६ महिना देखि ५ वर्ष मूनिका १७५१३ जना सबै बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | १५ देखी २३ महिना भित्रका सबै ३०१० जना बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त नगर घोषणा भएको छ। |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १००% | १००% | यस नगरका १,७६,१६३ घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | | १००% | १००% | यस नगरमा अति कडा कुपोषण भएका बालबालिका नभएको। |
| १२ | सबै घरधूरी मा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १००% | १००% | सबै १,७६,१६३ घरधूरी मा खानेपानीको सुबिधा रहेको छ। |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १००% | १००% | १,७६,१६३ घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुला दिसा मुक्त घोषणा भइसकेकेको छ। |

### ख) बाल संरक्षण

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरिएका बाल संरक्षण सम्बन्धी सूचकहरुमा नगरको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था २०८०/०८१। | हालको अवस्था | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष मूनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १००% | १००% | कानूनी अड्चन भएका बाहेक नगरको घटना दर्ता अभिलेख अनुसार सबै बालबालिकाको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | | १००% | १००% | यस नगरमा वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी गर्ने कार्य भईरहेको हाल यस नगरमा रहेका १४ वर्ष मूनिका सबै बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १००% | १००% | बालमैत्री स्थानीय शासन नगर समिति, नगर बाल अधिकार समिति, नगर बालसंजाल, वडा बालमैत्री स्थानीय शासन वडा समिति, वडा बाल अधिकार समिति, वाल संजाल, बाल समूह, टोल विकास संस्थाबाट सचेतना मूलक कार्यक्रम तथा अनुगमन गरिरहेको। बाल विवाह नरहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान )विद्यालय, सामाजिक चाडपर्व, भेला (मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | | ९१% | ८०% | नगर बालअधिकार समिति , टोल विकास, आमा समुह,सुरक्षा निकाय, बालसमूहको सक्रिय सहभागितामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल भई सचेतनामूलक अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ। | | १००% | १००% | बालमैत्री स्थानीय शासन नगर समिति, बाल अधिकार समिति, नगर बाल संजाल,वडा बाल अधिकार समितिको बैठक नियमित,टोल विकास समिति, आमा समूह,सुरक्षा निकाय र बाल समूहको सक्रियतामा बाल संरक्षण प्रणाली स्थापित भएको। उपमहानगरपालिकाको कार्यालयमा सम्पर्क शाखा स्थापित भएको साथै वडामा बालमैत्री सम्पर्क शाखा स्थापना, विद्यालय र प्रहरी चौकीमा बालमैत्री सम्पर्क शिक्षक र सम्पर्क प्रहरी तोकेर गुनासो पेटिका राखि गुनासो सुनुवाईको व्यवस्था मिलाईएको।नगर तथा वडामा सहजकर्ता परिचालन गरिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | ९८.६३% | ९५% | यस नगरमा यस्ता कुप्रथा नरहे पनि महिनावारी हुदा बार्ने प्रचलन रहेको पाईयो । |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मूनिका असहाय बालबालिकाको (भएका) संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् । | | १००% | १००% | उपमहानगरको १९ वटा वडामा गरी २९ जना असाहाय बालबालिका भएको र उनीहरुलाई नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गरी रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ ।सडक ) (भएकोमा) बालबालिकालाई बालगृहमा राखी व्यवस्थापन भएको हुने | | १००% | १००% | यस नगर सडक बालबलिका नरहेको। |
| ९ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १००% | १००% | यस नगरपालिकाका ११६ विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन । |
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरि पठाउने व्यवस्था मिलाईएको। |

## ग) बाल विकास

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरीएका बाल विकास संग सम्बन्धित सूचकहरुको नगरको अवस्था यस प्रकार रहेको छ ;

| क्र.स. | सूचक | आधार वर्षको अवस्था २०८०/०८१ | हालको अवस्था | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | | १००% | १००% | यस नगरका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको। |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा( १ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभूत शिक्षा प्राप्त गरेको। |
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । | | ९९.९४% | ९५% | सामुदायिक र संस्थागत विद्यालय ११६ सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय, सेनेटरी प्याड र डिस्पोजलको व्यवस्था भई यसको प्रयोग भएको। |
| ४ | सबै विद्यालयका पूर्वाधार (कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | | १००% | १००% | यस नगरका ११६ वटै विद्यालयमा पूर्वाधार (कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। | | १००% | १००% | यस वडाका ११६ विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त क्रियाकलापमा सहभागी गराई सोको अभिलेखीकरण गरिएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोरको वर्गिकरण गरि छुट्टाछुट्टै डस्विनमा उचित विसर्जन गर्ने गरेको। |

## घ) बाल सहभागिता

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरिएका बाल सहभागितासंग सम्बन्धित सूचकहरुको नगरको अवस्था यस प्रकार रहेको छ ;

| क्र.स. | सूचक | आधार वर्षको अवस्था २०८०/०८१ | हालको अवस्था | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | | १००% | ९५% | मिति २०८० जेष्ठ १९ गते गठन भएको नगरस्तरीय बालसंजालको बैठक र अतिरिक्त क्रियाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | स्थानीय तहमा वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भै क्रियाशील (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | | १००% | ९५% | २६५ टोलस्तरीय र१०६ विद्यालयस्तरीय गरी ३७१ बाल समूहको बैठक र अतिरिक्त क्रियाकलाप नियमित सञ्चालन भएको। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ | | १००% | १००% | पाँच कक्षाभन्दा माथि अध्ययन हुने ९८ वटा विद्यालयका ब्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/संजालको प्रतिनिधित्व रहनेछ। | | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका २० बालक २० बालिकाको आमन्त्रित प्रतिनिधित्व। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना / समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा २० बालक र २० बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको। |
| ६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समाबेश भएका हुनेछन्। | | १००% | १००% | मिति २०८१/०२/१५ गते आयोजित नगर बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना नगरको वार्षिक बजेटमा समावेश गरिएको , पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## ङ) संस्थागत विकास सूचकः

हेटौडा उपमहानगरपालिकाले २०७९ भाद्र ५ गते बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्ने निर्णय गरिसकेपछि यस नगर भित्र रहेका १९ वटै वडामा सूचक प्राप्ति सहित बालमैत्री वातावरण निर्माणका लागि निरन्तर कार्य हुदै आएको छ ।नगरले सबै मापदण्डहरु पूरा गरी बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणाको संस्थागत विकासको महत्वपूर्ण आधार तय भएको छ ।

उपमहानगरपालिकाको कार्यालयले विगतका दिन देखि नै बालमैत्री स्थानीय शासनको संस्थागत विकासका लागि नगर तथा वडामा बालमैत्री सम्पर्क शाखा स्थापना गरी बालमैत्री स्थानीय शासनको गतिविधि सञ्चालनका लागि नगर तथा वडामा बालमैत्री सहजकर्ता परिचालन गरेको छ । बालबालिकाको आवधिक कार्य योजना बमोजिम बालमैत्री स्थानीय शासनका गतिविधिहरु सञ्चालन भइरहेका छन्। संस्थागत विकासको लागि बालसमूह गठन, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित बाल सहभागिता सुनिश्चित, बालमैत्री स्थानीय शासन नगर तथा वडा समिति गठन गरी उक्त समितिहरुको क्षमता विकासका लागि सचेतनामूलक कार्यहरु गर्दै आइरहेको छ । विषयगत सरोकारवालाहरुको समन्वयमा नियमित अनुगमन र समीक्षा हुनेगरेको छ । नगरवाट प्राप्त बालमैत्री आचारसंहिता कार्यान्वयनमा आएको छ । प्रत्येक वर्ष बालभेलाबाट आउने गरेका मागलाई समावेश गरी बालबालिकाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन हुने गरेको छ । बालमैत्री स्थानीय शासन नगर समिति, नगरस्तरीय बालअधिकार समिति, नगरस्तरीय बालसमूह संजाल, बालमैत्री स्थानीय शासन कार्यन्वय सहजीकरण समिति लगायतको नियमित वैठक बस्ने गरिएको छ । बाल संरक्षण कार्ययोजना तयार गरेको छ भने हाल सम्म १७ वटा वडाहरु बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भईसकेको छ भने दुई वटा वडाको जिल्ला समन्वय समितिबाट घोषणाको लागि सहमति प्राप्त गरी माघ २५ भित्र घोषणा गर्ने मिति तय भई सकेको छ।।निरन्तर रुपमा संस्थागत विकासको लागि यस उपमहानगरले बालमैत्री स्थानीय शासन घोषणा पश्चात दिगोपनाका लागि लगानी योजना सहितको पञ्चबर्षिय रणनीतिक योजना समेत तयार गरेको छ ।

संस्थागत विकासकै सन्दर्भमा बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा, बाल अधिकार र बाल सहभागिताको सुनिश्चिता र बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा पश्चातको दिगोपनाका लागि वडा तथा उपमहानगरले लिएका नीतिगत विषयहरुः

- बाल विवाह, निकृष्ट बालश्रम र बाल शोषणलाई निरुत्साहित गरिनेछ,
- बालमैत्री आचारसंहिता, बालबालिकाको लागि आवधिक लगानी योजना, बालबालिकाको स्थितिपत्र अद्यावधिक गर्दै बालमैत्री स्थानीय शासन घोषणा पश्चातको रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ,
- न.पा. तथा वडास्तरीय प्रतिवद्धता अनुरुप सम्पूर्ण सूचकहरु पूरा गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै २०८१ फागुण १ गते बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गरिनेछ,
- लैङ्गिक तथा बाल अधिकारको विकेन्द्रित मूलप्रवाहीकरणका समस्त प्रक्रियामा वडा तथा स्थानीय तहको नेतृत्व रहने गरी सहजीकरण गरिनेछ,
- सामाजिक परिचालनको माध्यमबाट सामाजिक सचेतना बढाउँदै नागरिकहरुलाई विकासमा आवद्ध गराइनेछ। आयआर्जन विकास, बालमैत्री, सरसफाई र वातावरणमैत्री टोल बनाउने कार्यमा स्वतः स्फूर्त सहभागी गराइनेछ,
- विद्यालयहरुमा बालबालिकाको सहभागिता र विकास सम्बन्धी अधिकारको सुनिश्चितता गर्दै बालबालिका प्रति हुने हिंसा र दुर्व्यवहारलाई निरुत्साहित एवं निषेध गर्न विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ,
- विद्यालय नियमितता कायम गर्न वडाको क्षेत्र भित्रका बाल विकास  केन्द्रमा अध्ययन गर्ने बालबालिकाका लागि बाल विकास केन्द्रहरुलाई बालबालिकाको संख्याको आधारमा बालबालिका पोषण तथा खाजा निरन्तर उपलब्ध गराइनेछ,
- सभ्य, स्वावलम्बी, सुसंस्कृत, क्षमतावान, योग्य र दक्ष नागरिक उत्पादनका लागि किशोर किशोरी शिक्षा लागू गरिनेछ,
- स्वास्थ्य सेवा अन्तर्गत उपचारको क्रममा वडा भित्रका अशक्त, अपाङ्ग, बिरामी, वेवारिसे, असहाय, गर्भवती महिला तथा बालबालिकाहरुलाई प्रोत्साहनमा प्राथमिकता दिइने छ,
- नगर पूर्णखोप सुनिश्चित घोषणा भईसकेको छ। पूर्णखोप सुनिश्चित र दिगोपनाका लागि आवश्यक प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

## ❖ संस्थागत विकास सूचकको अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरीएका संस्थागत विकाससँग सम्बन्धित सूचकहरुको नगरको अवस्था यस प्रकार रहेको छ ;

| क्र स | सूचक | आधार वर्षको अवस्था २०८०/०८१ | हालको अवस्था | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | वडा, नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन् । | | १००% | १००% | समितिहरुको नियमित बैठक गरी क्रियाशिल रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १००% | १००% | निम्न नीति, ऐन, निर्देशिका र कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा रहेको<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति २०७९(यसमा बालमैत्री आचारसंहीता संलग्न गरिएको)<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन २०७७,<br>• बाल समूह संजाल गठन तथा सहजिकरण निर्देशिका ,२०७६,<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधी २०७९ ,<br>• बालमैत्री स्थानिय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि२०७७ ,<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि , २०८०<br>• विद्यालय बस सञ्चालन निर्देशिका |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | | १००% | ८०% | • नगरमा रहेको बाल उद्यान पुष्पलाल पार्क व्यवस्थित रुपमा सिकाई स्रोत केन्द्र सहित संचालनमा रहेको ।<br>• नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत केन्द्र स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ | | १००% | १००% | बाल वस्तुगत विवरण तयार भए पश्चात पञ्चवर्षिय लगानी योजना निर्माण गरि नगर कार्यपालिकाबाट स्विकृत भएको । |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछन्। | | १००% | १००% | मिति २०८०/२/१५ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना नगरको वार्षिक बजेटमा समाबेश गरि कार्यान्वयन भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १००% | १००% | स्थिति पत्र तयार भएको। |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस नगरको ११३ बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि २०८० अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | | १००% | १००% | सबै विद्यालयले अतिरिक्त क्रियाकलाप अन्तर्गत बालमैत्री वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन सञ्चालन गरिएको छ । |
| ९ | आधारभूत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन्। | | ९६.८४% | ८०% | यस नगरमा आधारभूत विद्यालय शिक्षावाट कोहि बालबालिका बञ्चित रहेका भए पनि उनिहरुको पहिचान गरि सिपमुलक तथा व्यवसायीक शिक्षा दिन वडा तथा नगरले पहल गरिरहेको छ । र बालसमूहमा आवद्ध बालबालिकालाई नियमित रुपमा व्यावहारिक ज्ञान, बोली व्यवहार, पारिवारिक संस्कार बारे जीवनोपयोगी शिक्षा दिने गरिएको । |
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाई रहेको हुनेछन् । | | १००% | १००% | स्थानीय ईलाका प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| ११ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | १००% | १००% | यस नगरमा रहेका ११६ वटा विद्यालयल मध्ये ५४ वटामा विद्यालय बस रहेको छ। विद्यालय बस सञ्चालन निर्देशिका, २०८० को मापदण्ड अनुरुप सञ्चालन हुँदै गरेको। |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ | | १००% | १००% | नगर तथा वडामा रहेको स्वास्थ्य संस्थामा स्तनपान कक्षको व्यवस्था भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १०० % | १००% | यस नगरमा रहेको सार्बजनिक स्थानमा खानेपानी धारा र शौचालय बालमैत्री रहेको। |
| १४ | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १००% | १००% | बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १००% | १००% | नगरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

## ५. हेटौडा उपमहानगरपालिका तथा वडामा बालबालिकाको क्षेत्रमा प्रत्यक्ष रुपमा कार्य गर्ने साझेदार/सहयोगी संस्थाहरुको पहिचानः

बालमैत्री स्थानीय शासनयुक्त घोषणा र यसको निरन्तरताको लागि उपमहानगर र वडा कार्यालयको प्रयासबाट मात्र सम्भव नहुने हुँदा उपमहानगरमा रहेका विभिन्न संघ संस्था र साझेदार निकायहरुको सहयोग आवश्यकता पर्दछ । बालमैत्री स्थानीय शासनयुक्त घोषणा तथा दिगोपनाका लागि सहयोग गर्ने सरोकारवाला निकायहरु यस प्रकार रहेका छन्ः

| कार्यालय/संस्थाको नाम | बालमैत्री स्थानीय शासनको क्षेत्रमा गर्ने मुख्य मुख्य काम |
|---|---|
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | घोषणा दिगोपनाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा घोषणा कार्यविधि बमोजिम नगर तथा वडालाई अनुगमन, सहयोग, सुझाव नीति, निर्देशिका प्रदान। |
| बागमती प्रदेशको सरकार | संविधान, ऐन, कानून, कार्यबिधि अनुसार बालमैत्री स्थानीय शासन अवधारणलाई संस्थागत गर्न, आर्थिक तथा सामाजिक सहयोग,अनुगमन पृष्ठपोषण आदि । |
| जिल्ला समन्वय समितको कार्यालय हेटौडा, मकवानपुर | उपमहानगरपालिकाको क्षमता विकास र बालमैत्री स्थानीय शासनको नियमित अनुगमन, दिगोपनाका लागि पृष्ठपोषण |

| | |
|---|---|
| नगरपालिका र वडा कार्यालयहरु | • केन्द्र र प्रदेश तथा अन्य सरोकार निकायवाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आ-आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी लागु गर्ने<br>• आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि बिभिन्न संरचनाहरुको नियमित वैठक बस्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनकालागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बजेट विनियोजन गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन,समीक्षा तथा मूल्याङ्कन गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट सञ्चालन गर्ने गराउने,<br>• बालसमूह तथा संजालहरुको विकासमा सहयोग पुऱ्याउनु,<br>• बालमैत्री स्थानीय शासनको बार्षिक प्रगति समीक्षा गर्ने,<br>• आ–आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने,<br>• गर्भवती महिला एवं बालबालिकाको स्वास्थ्य सम्बन्धी सेवालाई बालमैत्री गराउने,<br>• बालबालिकाको आधारभूत स्वास्थ्य प्रवर्द्धनको लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने,<br>• बालबालिकाको शैक्षिक विकासका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,<br>• विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलव्ध गराउने योजना कार्यान्वयन गर्ने, र व्यवहारीक तालिमको अवसरको व्यवस्था गर्ने,<br>• बालबालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,<br>• बाल उद्यानको निर्माण सहित सिकाई स्रोत केन्द्रको व्यवस्था बिकास गर्ने,<br>• सूचीकृत गरिएको बालसमूह तथा बालसमूह संजालहरुको तथ्याङ्क अद्यावधिक गर्ने,<br>• वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा निरन्तरताका लागि आवश्यक सहयोग र समन्वय गर्ने। |
| नगरपालिकाको स्वास्थ्य शाखा र स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य क्लिनिक | • बाल बचाऊ अन्तर्गतका १४ वटा सूचकहरुको निरन्तर पूर्णताका लागि पोषण सचेतना, गर्भवती जाँच, सुनौला १००० दिन एवं सुरक्षित मातृत्वको कार्यक्रम सञ्चालन, पूर्णखोप अध्यावधिक निरन्तरता, भिटामिन ए, सरसफाई अभियान लगायत आवधिक लगानी योजनाको उल्लेखित कार्य गर्ने। |
| संचारक्षेत्र, गै.स.स. तथा टोल विकास संस्था,अन्य समूह | • बालबालिकाको पोषण सुधार, बाल संरक्षण, क्षमता विकास, पूर्ण सरसफाई, बालमैत्री स्थानीय शासन कार्यान्वयन र दिगोपनाका लागि सहयोग गर्ने । |

| | |
|---|---|
| संगठन, संघसंस्थाहरु | • बालमैत्री आचार संहिता व्यवहार सम्बन्धी प्रचार प्रसार गर्ने ।<br>• विद्यालय तथा समुदायलाई सरसफाईको विषयमा सचेत गराउने ।<br>• बाल विकास केन्द्र एवं अन्य कक्षालाई बालमैत्री गराउनका लागि आर्थिक एवं प्राविधिक सहयोग गर्ने।<br>• विद्यालय भर्ना अभियान, बालसमूहको क्षमता विकास, बाल अधिकार र बालमैत्री सम्बन्धी सचेतना कार्यक्रम लगायत बालबालिकाका लागि तयार गरिएको आवधिक लगानी योजनाका कार्यक्रम सञ्चालनमा सहयोग गर्ने। |
| सेफ हाउस, बालगृहहरु | असहाय, अनाथ, जोखिममा परेका बालबालिकाको लालन पालन प्रति सचेत रहि सेवा सम्भारको व्यवस्था गर्ने । |

## ६. घोषणाको निरन्तर दिगोपनाका लागि तयार गरिएका नगरस्तरीय रणनीतिक योजनाहरु

बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा र निरन्तर दिगोपनाका लागि तयार भएका कार्ययोजनालाई के कसरी कार्यान्वयन गर्दा दिगोपना कायम गर्न सकिन्छ भन्ने सम्बन्धमा उपमहानगरले सम्पूर्ण वडामा सञ्चालन गरिएको कार्यशालामा तयार गरिएका क्षेत्रगत रणनीतिक योजनाको आधारमा नगरस्तरीय रणनीतिक योजनाहरु देहाय बमोजिम रहेका छन्ः

**बाल बचाऊः**

१. स्वास्थ्यकर्मी परिचालन गरी सुत्केरी पूर्व ८ पटक र सुत्केरी पश्चात ४ पटक जाँचको सुनिश्चितता गर्न स्वयंसेविका परिचालन र अतिरिक्त रजिष्टरको व्यवस्था मिलाउने।
२. बालबालिकाको तथ्याङ्क अध्यावधिक गर्ने र स्वास्थ्यकर्मी सँगको अन्तरक्रियामा पूर्ण खोप, पूर्ण स्तनपान र भिटामिन ए का लागि कार्यान्वयन कार्य योजना तयार गर्ने ।
३. प्रत्येक गर्भवतीले एच.आई.भि. जाँच गर्ने तथा संक्रमित आमाबाट जन्मिएका बालबालिकालाई ARV Prophoaylsi खुवाउनु पर्ने ।
४. गर्भवती परिक्षणलाई सेवाग्राहीमूखी बनाउने र सुत्केरी पोषण कोशेली वितरणलाई निरन्तरता दिने।
५. राष्ट्रिय स्वास्थ्य अभियानलाई थप प्रभावकारी बनाउने।
६. गर्भावस्था देखी नै आमाले थप पोषिलो खाना खाने र प्रोटोकल अनुसार स्वास्थ्य परिक्षण गराउने बारेमा समय समयमा सचेतनामूलक अभियान सञ्चलन गर्ने।
७. आमा समूहमा सामुदायिक महिला स्वयमसेविकाबाट मासिक वैठकमा स्वच्छ पिउने पानीको महत्व बारे जानकारी गराउने र बर्षेनि पानीको शुद्धिकरणका लागि जाँच गर्ने ।
८. पूर्ण खोप, शून्य होम डेलिभरी जस्ता अभियानलाई निरन्तरता दिने तथा विपद्जन्य महामारी व्यवस्थापन गर्ने।

**बाल संरक्षण**

१. नगर तथा वडा कार्यालयले सामाजिक सञ्जालको माध्यमबाट संरक्षणका कार्यहरुको बारेमा सूचना दिने प्रणालीको विकास गर्ने।
२. शिक्षा र शैक्षिक संस्थाहरुमा बालमैत्री शिक्षा प्रणाली भएनभएको अनुगमन गर्ने व्यवस्था मिलाउने।
३. बाल विवाह बालश्रम, बाल हिंसा, बेचबिखन र शोषणको रोकथामको लागि नियमित रुपमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।
४. विद्यालय विमुख बालबालिकाहरुलाई जीवनोपयोगी सीप तथा सीपमूलक तालिमहरु नगर तथा वडा मार्फत सञ्चालन गर्ने ।

५. लागु पदार्थ दुर्व्यसनी नियन्त्रण गर्न प्रहरी चौकी र सम्बन्धित सरोकारवालाहरुले समन्वय गरी अनुगमन तथा परामर्शको आवश्यक व्यवस्था मिलाउने ।
६. बालबालिकालाई आफ्नो कर्तव्य प्रति जिम्मेवार बनाउन टोल विकास संस्था, वडा तथा नगरस्तरीय संघ संस्था मिलेर सामूहिक प्रयत्न गर्ने (अभिभाकहरुलाई शिक्षा र अनुगमन प्रणाली)।
७. बालकोषको निरन्तरता र आवश्यकतानुसार बालबालिकालाई सहयोग र पुनर्स्थापना गर्ने ।
८. बालअधिकारको हनन हुन नदिन समय समयमा बालअधिकार समितिबाट अनुगमन गर्ने ।
९. बालगृहको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने साथै विभिन्न संघसंस्था र निकायहरुसँगको सहकार्यमा जोड दिने ।

## बाल विकास

१. विद्यालयका शैक्षिक र भौतिक पूर्वाधारहरुलाई बालमैत्री बनाउने ।
२. बालबालिकाहरुको बार्षिक तथ्याङ्क अध्यावधिक गरि भर्ना अभियान कार्यक्रमद्धारा सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने।
३. विद्यालयमा रहेको बाल समूहहरुलाई सक्रिय रुपमा परिचालन गरि अतिरिक्त क्रियाकलापलाई सन्देशमुलक र उत्प्रेरक बनाउने साथै बालबालिकालाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था मिलाउने।
४. बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गरी नियमित गराउन गरिब र जेहेन्दार विद्यार्थीको लागि छात्रबृतिको व्यवस्था गर्ने।
५. औपचारिक शिक्षाबाट बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन गरि उनीहरुलाई अनौपचारिक तथा जीवनोपयोगी शिक्षामा जोड दिने ।
६. विद्यालय परिसर भित्र हरियाली प्रवर्द्धन साथै खेल तथा सिकाइ सामाग्रीको उपयुक्त व्यवस्था गरिने।

## बाल सहभागिता

१. बाल समूह संजाल नियमित पुनर्गठन गर्ने र नगर तथा वडामा गठन भएका बाल समूह /संजाललाई नियमित सक्रिय बनाउने।
२. नगर तथा वडा बाल भेला बाट माग भई आएका योजनाहरुलाई प्राथमिकताको आधारमा छनौट गरि बजेट किताबमा समावेश गर्ने ।
३. बालबालिकाहरुको क्षमता अभिवृद्धी गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने र वडा तथा नगरका सम्पूर्ण समितिहरुमा बालबालिकाको अर्थपुर्ण सहभागिता गराउने।
४. बालबालिकाहरुको नेतृत्वमा बाल बिवाह, कुलत र बालश्रम विरुद्धमा सडक नाटक गर्ने।
५. कुलतमा लागेका वा जोखिममा रहेका बालबालिकालाई सम्पूर्ण सरोकारवाला निकाय, संस्था र बाल समूह संजालको सक्रियतामा उनिहरुको संरक्षण तथा मनोपरामर्श उपलब्ध गराउने।
६. बाल समूह संजाल र विभिन्न संस्थाको नेतृत्वमा विद्यालय र सार्वजनिक स्थान वरपर धुम्रपान र मद्यपानको बन्देज गर्ने।

## संस्थागत विकास

१. उपमहानगर भित्रका हरेक वडामा कम्तिमा एक बाल उद्यानको स्थापना गर्ने र त्यसलाई सिकाई स्रोत केन्द्रको रुपमा संचालन गर्ने।
२. बालमैत्री व्यवहार, आचार संहिता, नियम, निर्देशिका, तर्जुमा गर्ने र त्यसको कार्यन्वयन भए नभएको विषयमा अनुगमन गर्ने ।

३. बालमैत्री स्थानीय शासन कार्यक्रमलाई निरन्तर र दिगो बनाई राख्न बालमैत्रीका ५१ वटा सूचकमा रहेर कार्यक्रमहरु संचालन गर्ने ।
४. विद्यालयस्तरीय र टोलस्तरीय बालसमूह तथा वडा तथा नगरस्तरीय संजालको सक्रिय सहभागितामा विभिन्न सचेतनामुलक कार्यक्रम, र्‍याली, सडक नाटक आदि संचालन गर्ने ।
५. बालमैत्री स्थानीय शासनलाई निरन्तर र दिगो बनाई राख्न बालमैत्री सूचकको मापन बालमैत्री स्थानीय शासन निर्देशिका बमोजिम गर्ने व्यवस्था मिलाउने ।

## ७. बालमैत्री स्थानीय शासन घोषणापश्चात निरन्तरताका लागि गरिने मुख्य क्रियाकलापहरु र अनुमानित वजेट

यस हेटौडा उपमहानगरपालिकालाई २०८१/११/१ गते बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने तयारी भइरहको छ। तल उल्लिखित क्रियाकलापहरु हेटौडा उपमहानगरपालिकाको उपलब्ध स्रोत साधन, वडाको आफ्नो स्रोत केन्द्र र प्रदेश सरकारबाट प्राप्त स्रोत लगायत विभिन्न संघसंस्थाबाट प्राप्त हुने स्रोतबाट संचालन हुनेछ।
बालमैत्री स्थानीय शासनयुक्त घोषणाको अन्तिम चरणमा आएको हुँदा घोषणा गरे पश्चात बाल अधिकारका चार क्षेत्र र बालमैत्री स्थानीय शासनका सूचकहरुको निरन्तरता र दिगोपनाका कार्यक्रमहरु देहायबमोजिम सञ्चालन गरिने छ।

**बालबचाउको क्षेत्रमा गरिने क्रियाकलाप तथा बजेटः**

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागी गरिने क्रियाकलापहरु | योजना अवधि (आगामी ५ वर्षको जम्मा) संङ्ख्या बजेट (एकमुष्ठ) | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|
| | | | | प्रमुख | सहयोगी |
| | | **बाल बचाऊ** | | | |
| १ | -पोषण -सचेतना -कुपोषण -सुत्केरी जाँच -प्रोत्साहन | पूर्ण स्तनपानको महत्वबारे स्वास्थकर्मीलाई सचेत गराइ कार्यक्षेत्रमा जिम्मेवार बनाउने | | स्वास्थ्य शाखा, | स्वास्थ्य संस्थाहरु, वडा कार्यालय |
| २ | | कार्यालयमा उपयुक्त स्थानमा पोषण कर्नर स्थापना र अद्यावधिक गर्ने | | स्वास्थ्य शाखा | स्वास्थ्य व्यवस्थापन समिति स्वास्थ्य संस्थाहरु |
| ३ | | आमा सुरक्षा कार्यकमबारे आमा समूहको वैठकमा छलफल गर्न स्वयंसेविका परिचालन गर्ने | | स्वास्थ्य संस्था | वडा कार्यालय |
| ४ | | गर्भवती आमाहरुले अनिवार्य एच आइ भी परीक्षण गर्ने र संकमित आमाबाट जन्मिएका बच्चालाई एआरभी प्रोफाइलाइसिस खुवाउने व्यवस्था मिलाउने | | स्वास्थ्य संस्था | वडा कार्यालय टोल विकास संस्था |
| ५ | | पोषण कोसेली कार्यकमलाई निरन्तरता दिने | | नगर | स्वास्थ्य शाखा, वडा, स्वास्थ्य संस्था, |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | | स्तनपान सप्ताह मनाउने | | नगर, स्वास्थ्य शाखा, वडा, स्वा. चौकी | स्वास्थ्य संस्था |
| ७ | | स्वास्थ्य संस्था, आमा समुह, टोविस तथा सहकारीहरुको बैठकमा स्वास्थ्यका सूचक सम्बन्धी अन्तरक्रिया गर्ने । | | स्वास्थ्य संस्था | आमा समूह, टोल विकास संस्था, सहकारी |
| ८ | खोप | पूर्ण खोपको सुनिश्चितता र निरन्तरता कार्यक्रम (तथ्यांक संकलन, अनुगमन, समीक्षा, खोपको उपलब्धता) | | न.पा. | स्वास्थ्य संस्था |
| ९ | | खोप अभियान गर्दा छुटेका बालबालिकालाई खोज गरी खोप लगाउने । साथै खोपको समयमा जन्मदर्ता माग गर्ने पद्धतिको विकास गर्ने । | | स्वास्थ्य संस्था | वडा कार्यालय |
| १० | भिटामिन ए | निर्धारित लक्ष्य बमोजिम भिटामिन ए र जुकाको औषधि खुवाउन स्वास्थ्यकर्मी परिचालन गर्ने | | न.पा. | स्वास्थ्य संस्था |
| ११ | स्वास्थ्य शिक्षा | विद्यालयमा प्रजनन स्वास्थ्य शिक्षा सम्बन्धी सत्र संचालन गर्ने ( ६ कक्षा माथिका किशोर किशोरीलाई) | | स्वास्थ्य संस्था | विद्यालय |
| १२ | खानेपानी र सरसफाई | प्रत्येक वर्ष पानीको शुद्धता जाँच गर्ने | | न.पा., वडा | स्वास्थ्य संस्था, वातावरण शाखा |
| १३ | तथ्यांक अद्यावधिक | प्रत्येक वर्ष २ वर्ष भित्रका बालबालिकाको तथ्यांक अद्यावधिक गन | | न.पा., वडा | स्वास्थ्य संस्था ( महिला स्वास्थ्य स्वयमसेविका) |
| १४ | | प्रत्येक असोजमा ५ वर्ष उमेरका बालबालिकाको गणना अद्यावधिक गर्ने | | न.पा | स्वास्थ्य संस्था |

## बाल संरक्षणको क्षेत्रमा गरिने क्रियाकलाप तथा बजेटः

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागी गरिने क्रियाकलापहरु | योजना अवधि (आगामी ५ वर्षको जम्मा) | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|
| | | | बजेट (एकमुष्ठ) | प्रमुख | सहयोगी |
| | | | **बाल संरक्षण** | | |
| १ | जन्मदर्ता | सबै बालबालिकाको जन्मदर्ता भएको सुनिश्चित गर्न घटना दर्ता सप्ताह तथा अभियान सञ्चालन गर्ने | | सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा | वडा कार्यालय, टोल विकास संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बालविवाह | बालविवाह हुन नदिन सचेतनामूलक कार्यक्रमहरु सञ्चालनका लागि बालसमूह सञ्जाल परिचालन गर्ने, संघ संस्थासँग समन्वय र सहकार्य गर्ने, | | न.पा., वडा, बालहेल्पलाइन, | बाल अधिकार समिति, वडा बालअधिकार समिति, प्रहरी, बालसमूह सञ्जाल |
| | | बालविवाह भइहालेमा परामर्श सहित वदर गराउने व्यवस्थाका लागि सबैलाई संवेदनशील बनाउने | | | |
| ३ | बालश्रम | बालश्रमिकको अनुगमन र उद्धार संयन्त्र निरन्तर कियाशील रहने | | न.पा., वडा | बाल अधिकार समिति |
| ४ | | निकृष्ट बालश्रमको अवस्था अनुगमन, निकृष्ट बालश्रम सम्बन्धी कानूनी व्यवस्थाबारे बाल समुह तथा टोल विकास संस्थामा छलफल गर्ने, कतै बालश्रमिक देखिएमा सम्बन्धित निकायमा तुरुन्त सुचना गर्ने परिपाटी स्थापित गर्ने | | न.पा., वडा | बाल अधिकार समिति |
| ५ | | बालविवाह ,बालश्रम, बालहिसां, बालकुलत विरुद्धमा रहेका कानूनी प्रावधान सम्बन्धी माइकिङ गर्ने, सडक नाटक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने | | न.पा., वडा | बाल अधिकार समिति |
| ६ | सूचना प्रवाह | सामाजिक सञ्जालको प्रयोग गरी संरक्षणको क्षेत्रमा भएका गतिविधि एवं जानकारीमूलक सूचना प्रवाह गर्ने | | न.पा. | वडा, बालसमूह सञ्जाल |
| ७ | शैक्षिक सहयोग | अभिभावकविहीन बालबालिकालाई शैक्षिक निरन्तरता प्रदान गर्न मासिक रुपमा सहयोग गर्ने | | न.पा. | वडा |
| ८ | हिसां , दुर्व्यवहार | बालहिंसा, दुर्व्यवहार रोक्नका लागि सार्बजनिक स्थलमा प्रचार सामाग्री राख्ने | | न.पा., वडा | टोल विकास |
| ९ | कुलत र दुर्व्यसनी | प्रहरीद्वारा विद्यालयमा, कलेजमा बालविवाह, बालकुलत, बाल दुर्व्यवहार तथा बालहिंसा विरुद्धमा सचेतनामूलक कार्यक्म संचालन गर्ने | | न.पा., वडा | प्रहरी चौकी |
| १० | बाल अधिकार समिति परिचालन | बालअधिकार समितिको नियमित बैठक मासिक रुपमा गर्ने | | न.पा., वडा | बाल अधिकार समिति |
| ११ | सुर्तीजन्य, धुम्रपान विरुद्ध सचेतना कार्यक्रम/ बालमैत्री संग सम्बन्धित अभिमुखिकरण कार्यक्रम | वडा भित्रका पसल व्यवसायीहरुले बालबालिकालाई धुम्रपान,मद्यपान, सुर्तिजन्य वस्तु बिक्रि वितरण गरे नगरेको अनुगमन र नियमन गर्न वडालाइ जिम्मेवार बनाउने | | न.पा. | वडा, बाल अधिकार समिति |
| १२ | | बालबालिकामा हुन सक्ने यौनजन्य दुर्व्यवहार (गुड टच, ब्याड टच) बारे विद्यालय तथा बालसमूहमा सचेतना जागरण गर्ने | | न.पा, वडा | टोल विकास संस्था |
| १३ | | प्रहरीद्वारा विद्यालयमा, कलेजमा बालविवाह, बालकुलत, बाल दुर्व्यवहार तथा बालहिंसा विरुद्धमा सचेतनामूलक कार्यक्म संचालन गर्ने | | वडा कार्यालय | प्रहरी चौकी |
| १४ | | बालमैत्री स्थानीय शासनसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई बालमैत्री स्थानीय शासनको नयाँ प्रारुप सम्बन्धी अभिमुखीकरण तथा सशक्तिकरण गर्ने | | वडा कार्यालय | प्रहरी चौकी |
| १५ | | शैक्षिक संस्थाको हाता वरपर धुम्रपान,मद्यपान, सुर्तिजन्य वस्तु बिक्रि वितरण भए/नभएको अनुगमन गरी नियमन | | न.पा., वडा | बाल अधिकार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्ने र सचेतना फैलाउने | | | समिति |
| १६ | संरक्षण विहिन एवं जोखिममा परेका बालबालिका | नगरस्तरीय बालकोषको स्थापना तथा परिचालन | | न.पा. | बाल अधिकार समिति |
| | | हिसां प्रभावित तथा जोखिममा रहेका बालबालिका भएमा उद्धार, पुर्नस्थापना र परामर्श साथै आवश्यक सहयोग गर्ने | | न.पा., वडा | बाल अधिकार समिति |
| | | सडक बालबालिकाको अनुगमन, उद्धार र पुनर्स्थापना | | न.पा., वडा | बाल अधिकार समिति |
| | | बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थासँग सहकार्य गरी पुनर्स्थापनाका कार्यहरु गर्ने | | न. पा., वडा | बाल अधिकार समिति |
| | | बालगृहहरुको नियमित अनुगमन गर्ने | | | |

## बाल विकासको क्षेत्रमा गरिने क्रियाकलाप तथा बजेटः

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागी गरिने क्रियाकलापहरु | योजना अवधी (आगामी ५ वर्षको जम्मा) | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|
| | | | बजेट (एकमुष्ठ) | प्रमुख | सहयोगी |
| | | | **बाल विकास** | | |
| १ | बालमैत्री भवन तथा पूर्वाधार | बालबिकास केन्द्रको स्तरोन्नति गर्ने, बावि केन्द्र शिक्षकलाई तालिम दिने, स्थानीय सिकाइ समाग्री सहित बालबालिकाको लागि उचित आकर्षक कक्षा व्यवस्थापन गर्ने | | हेटौंडा उपमहानगरपालिका | शिक्षा विकास महाशाखा, वडा कार्यालय, विद्यालय |
| २ | | विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको थप व्यवस्थापन र अपाङ्गतामैत्री बनाउने | | वडा कार्यालय | विद्यालय |
| ३ | | विद्यालयमा शौचालयको प्रयोग, पानीको व्यवस्था तथा सरसफाई सम्बन्धी सामाग्रीको व्यवस्था गर्ने | | | |
| ४ | | विद्यालयले विद्यार्थी स्वागत कार्यकम गर्ने उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्ने कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षासत्रको व्यवस्था गर्ने | | वडा कार्यालय | विद्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | विद्यालयमा शुद्ध पानीका लागि फिल्टरको व्यवस्था मिलाउने र बालमैत्री खानेपानी धारा जडान गर्ने | | विद्यालय | शिक्षा विकास महाशाखा |
| ६ | | हरित विद्यालय कार्यक्रम सञ्चालन गर्ने | | विद्यालय, वडा | शिक्षा विकास महाशाखा |
| ७ | | बालमैत्री कक्षाकोठा, फर्निचर व्यवस्था गर्ने साथै विद्यालय बसलाई कार्यविधी बमोजिम बालमैत्री तथा अपाङ्गतामैत्री बनाउने | | शिक्षा विकास महाशाखा, वडा कार्यालय | विद्यालय |
| ८ | | विद्यालयमा आवश्यकता अनुसार थप बालमैत्री संरचना निर्माण गर्ने | | शिक्षा विकास महाशाखा, वडा कार्यालय | विद्यालय |
| ९ | विद्यालय सरसफाई | विद्यालयमा महिनामा एक पटक बृहत सरसफाइ कार्यक्रम गर्ने ( शिक्षक, विद्याथी र अभिभावकको संलग्नतामा) | | विद्यालय | वडा कार्यालय |
| १० | प्रभावकारी अतिरिक्त क्रियाकलाप | अभिभावक, विद्यालय परिवार, बालसमूह र जनप्रतिनिधि बीच भेटघाट कार्यक्रमको आयोजना गर्ने | | वडा कार्यालय | बालमैत्री शाखा |
| ११ | | पारिवारिक सचेतना बढाउने र विद्यार्थीको कर्तव्य र दायित्व साथै अनुशासित शैक्षिक सस्कारबारे अभिमुखिकरण गर्ने | | शिक्षा शाखा | वडा कार्यालय |
| १२ | | विद्यालय नियमित नआउने विद्यार्थीहरुको तथ्यांक संकलन गरी त्यस्ता विद्यार्थीका अभिभावकसँग एक घर ५ मिनेट शिक्षक कार्यक्रम गरी अवस्था बुझ्ने र परामर्श गर्ने । | | विद्यालय | वडा कार्यालय, शिक्षा महाशाखा |
| १३ | | सबै विद्यालयमा खेलमैदान र खेल सामाग्रीको व्यवस्था मिलाउन | | विद्यालय | वडा कार्यालय, शिक्षा महाशाखा |
| १४ | | अन्तर विद्यालय अतिरिक्त कृयाकलाप, हाजिरी जवाफ, खेलकूद प्रतियोगिता, वक्तृत्वकला, चित्रकला, निबन्ध प्रतियोगिता गर्ने | | विद्यालय | वडा कार्यालय, शिक्षा महाशाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | | बाल विकास केन्द्रमा भर्नाका लागि घरदैलो भर्ना अभियान कार्यक्रम गर्ने | | विद्यालय | वडा कार्यालय |
| १६ | | ६।६ महिनामा विद्यार्थीसंग वडा अध्यक्ष अन्तरक्रिया कार्यक्रम गर्ने | | विद्यालय | वडा कार्यालय |
| १७ | | बालमैत्री स्थानिय शासनको दिगोपनाको लागि वि.व्य.स र विद्यालय प्र.अ हरुसँग बालमैत्री स्थानीय शासनको नयाँ प्रारुप सम्बन्धी अभिमुखीकरण तथा सशक्तिकरण गर्ने तथा कार्ययोजना निर्माण गर्ने | | वडा, विद्यालय | वडा बालअधिकार समिति |
| १८ | विद्यालयमा निरन्तरता | विद्यालय उमेर समूहका बालबालिकाको तथ्यांक अद्यावधिक गर्ने | | बिद्यालय | शिक्षा विकास महाशाखा |
| १९ | | कार्यविधिको मापदण्ड अनुरुप बाल विकास केन्द्रको अवस्था अनुगमन गर्ने | | विद्यालय, वडा | शिक्षा विकास महाशाखा |
| | | औपचारिक शिक्षबाट वञ्चित बालबालिकालाई अनौपचारिक/ खुल्ला विद्यालयमार्फत सिकाइको अवसर प्रदान गरिने | | शिक्षा विकास महाशाखा | विद्यालय |

## बाल सहभागिताको क्षेत्रमा गरिने क्रियाकलाप तथा बजेट:

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागी गरिने क्रियाकलापहरु | योजना अवधि (आगामी ५ वर्षको जम्मा) | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|
| | | | बजेट (एकमुष्ठ) | प्रमुख | सहयोगी |
| | | बाल सहभागिता | | | |
| १ | अर्थपूर्ण बाल सहभागिता | बालसंजालको मासिक रुपमा बैठक सञ्चालन गर्ने | | नपा, वडा कार्यालय | |
| २ | | वडा तथा नगरका विभिन्न समिति तथा संरचनाहरुमा बालबालिकाको सहभागिताको लागि नीतिगत व्यवस्था गर्ने | | नपा | बालअधिकार समिति, विधायन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | संघीय वा प्रादेशिक कानूनबमोजिमका संरचनामा बालबालिकाको सहभागिता नहुने भएमा आमन्त्रित सहभागिताको व्यवस्था मिलाउने | | नपा, वडा कार्यालय | सरोकारवाला सबै |
| ४ | | विद्यालय, टोलका बालसमूह, वडा र नगरका बालसमूह सञ्जालको नियमित गठन तथा पुनर्गठनको व्यवस्था मिलाउने | | नपा, वडा कार्यालय, विद्यालय, टोविस | बालअधिकार समिति, संघसंस्था |
| ५ | | बालसमूह सञ्जाललाई CFLG र नेतृत्व क्षमता विकास सम्बन्धी तालिम दिने । | | नपा, वडा कार्यालय, | संघसंस्था |
| ६ | | विद्यालयवाट बंचित बालबालिकालाई जीवन उपयोगी सीप, व्यवसायिक तालिम प्रदान गर्ने | | नपा, वडा कार्यालय, | संघसंस्था |
| ७ | | अनलाईन साईबर काइम सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु गर्ने | | नपा, वडा कार्यालय, बालमैत्री शाखा | संघसंस्था |
| ८ | | बालबालिका तथा अभिभावकलाई मनोविमर्श सम्बन्धी तालिम दिने तथा मनोसामाजिक परामर्श दिने | | नपा,वडा कार्यालय, | संघसंस्था, विद्यालय |
| ९ | | उत्कृष्ट बाल समुहलाई सम्मान गर्ने | | नपा, वडा कार्यालय, | बालअधिकार समिति |

## संस्थागत क्षेत्रमा गर्ने क्रियाकलाप तथा बजेट:

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागी गरिने क्रियाकलापहरु | योजना अवधी (आगामी ५ वर्षको जम्मा) | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|
| | | | बजेट (एकमुष्ठ) | प्रमुख | **सहयोगी** |
| संस्थागत विकास | | | | | |
| १ | बालमैत्री नीति, कार्ययोजना, आचारसंहिता कार्यान्वयन | अनुगमन समीक्षा तथा प्रतिवेदन | | नपा | वडा |
| २ | | बालमैत्री नीति, निर्देशिका परिमार्जन, प्रकाशन | | न.पा, | न.पा, वडा |
| ३ | | विद्यालयले बालमैत्री वातावरण अनुरुप कक्षा संचालनका लागि ठोस कार्ययोजना बनाउने,कार्यान्वयन गरी रेकर्ड राख्ने | | बिद्यालय | वडा |
| ४ | | वडाको बालकेन्द्रित विपद् जोखिम न्यूनीकरण सम्बन्धी योजना बनाउने | | विपद् व्यवस्थापन तथा बातावरण शाखा | वडा, संघसंस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | | बालमैत्री आचारसंहिताको विषयमा प्रचार प्रसार र सचेतना तथा अन्तरक्रिया गर्ने। | | न.पा, वडा | टोल विकास संस्था, विद्यालय |
| ६ | विविध कार्यक्रम सञ्चा | बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणाको उपलक्ष्यमा प्रत्येक वर्ष वार्षिक उत्सव मनाउने | | नपा | वडा, संघसंस्था |
| ७ | | आवश्यकताको आधारमा बाल विकास केन्द्रमा शैक्षिक तथा पूर्वाधार सामाग्री व्यवस्थापन गर्ने | | विद्यालय | नपा, वडा |
| ८ | | विपद् पूर्वतयारी तथा व्यवस्थापन वारे सचेतना सत्र संचालन गर्ने | | विद्यालय | नपा, वडा |
| ९ | कार्यविधि कार्यान्वयन | बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि प्रचार प्रसार, मिडिया परिचालन (जिंगल प्रसारण) | | न.पा, वडा | संघसंस्था |
| १० | | बालमैत्री नीति तथा योजनाको अर्धवार्षिक र वार्षिक समीक्षा गर्ने । | | न.पा | वडा |
| ११ | | बालअधिकार संरक्षणको लागि निरन्तर सामाजिक परिचालन | | न.पा | वडा |
| १२ | | नगर तथा वडा स्तरमा बालमैत्री सम्पर्क इकाईको निरन्तर संस्थागत व्यवस्थापन | | न.पा | वडा, संघसंस्था |
| १३ | | बाल उद्यान व्यवस्थापन (प्रत्येक वडा भित्र बाल उद्यान केन्द्र निर्माण गरी बालमैत्री सिकाई केन्द्रको रुपमा स्थापित गर्ने ) | | न.पा | वडा |

## ८. घोषणाको निरन्तरताका लागि प्रमुख साझेदार निकाय, संरचना एवं संस्थाहरुको भूमिका

घोषणापश्चात दिगोपनाका लागि संघ र प्रदेशस्तरका साझेदार सहित स्थानीय स्तरका साझेदार तथा सहयोगी संस्थाहरुको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास, नीति निर्माण, निर्देशन, बजेट प्रणालीलाई बालमैत्री बनाउने , बालमैत्री स्थानीय शासन सञ्चालनका लागि प्रदेश र स्थानीय तहलाई सहजीकरण, निरन्तर अनुगमन गर्ने गराउने, बाल अधिकार सम्बन्धी परामर्श सुझाव दिने, स्थानीयस्तरमा निर्माण भएका र हुने भौतिक पूर्वाधारहरु बालमैत्री बनाउने आवश्यक नीति एंव मार्गदशन प्रदेश तथा स्थानीय तहलाई गर्ने गराउने लगायत अन्य विशिष्ट भूमिका केन्द्रिय तहबाट निभाउनुपर्ने हुन्छ। साथै प्रदेश तहबाट बालमैत्री स्थानीय शासन सम्बन्धी प्रादेशिक नीति तथा रणनीति बारे समन्वय गर्ने, प्रदेशस्तरका सबै सरकारी एवं गैर सरकारी क्षेत्रमा बालमैत्री स्थानीय शासन पद्धतिलाई मूलप्रवाहीकरण गर्न नीतिगत निर्देशन दिने एवम् साझेदारी स्थापना गर्ने गराउने, बजेट प्रणालीलाई बालमैत्री गराउने लगायत थप विशिष्ट भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन तथा दिगोपनाको लागि साझेदार निकाय, संरचना एवं संस्थाहरु र तिनिहरुको भूमिका यसप्रकार छ :

### (क) जिल्ला समन्वय समितिको कार्यालय

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको लागि समन्वय तथा सम्पर्क डेस्कको व्यवस्था गर्ने,
२. विभिन्न सरोकारबालाको बीचमा सम्पर्क, समन्वय र साझेदारी विकास गरी बालमैत्री स्थानीय शासन सञ्चालनमा नगर/वडालाई सहयोग गर्ने,

३. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट सञ्चालन गर्न नगर/वडालाई सहयोग गर्ने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धी वडामा संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने-गराउने,
५. बालमैत्री स्थानीय वडा घोषणाको लागि स्थलगत अनुगमन गरी आवश्यक सुझाव दिने,
६. बालमैत्री स्थानीय शासनको आवधिक समीक्षा गरी कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरु निराकरणमा नगर/वडालाई सहयोग गर्ने।

## ख) हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयः

१. केन्द्र र प्रदेश तथा अन्य सरोकार निकायवाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आ–आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,
२. आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा अध्यावधिक गर्ने,
३. बालमैत्री स्थानीय शासन दिगो प्रवर्द्धनको लागि बालमैत्री सम्पर्क व्यक्ति, शाखाको संस्थागत ब्यवस्था गर्ने,
४. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
५. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नियमित बजेट विनियोजन गर्ने,
६. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने।
७. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,
८. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु बिषयगत समन्वयात्मक र एकीकृत ढंगबाट सञ्चालन गर्ने गराउने,
९. बालसमूह/बालसमूहसंजालहरुको विकासमा सहयोग पुर्याउने, बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,
१०. आ–आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई संस्थागत बालमैत्री बनाउने ,
११. गर्भवती महिला एवं बालबालिकाको स्वास्थ्य सम्बन्धी सेवालाई बालमैत्री गराउने,
१२. बालबालिकाको आधारभूत स्वास्थ्य प्रवर्द्धनको लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने,
१३. बालबालिकाको शैक्षिक विकासका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,
१४. विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलव्ध गराउने योजना कार्यान्वयन गर्ने,
१५. बालबालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,
१६. बालसमूह तथा संजालहरुलाई सूचीकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने,
१७. वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

## क) बालमैत्री स्थानीय शासन नगर समिति –MCFLGC

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नगर/वडास्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न वडालाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न वडास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
३. बालवालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा तहबीच आवश्यक समन्वय गर्ने गराउने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

५. अन्य तहहरुमा भएका सृजनशील,अनुकरणीय कार्यको अनुसरण गर्ने,
६. संरचनागत नियमित बैठक ,समीक्षा तथा अभिलेखीकरण गर्ने।

**ख) बालसमूह/बालसमूह संजाल**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आफ्ना सदस्यहरुलाई परिचालन गर्ने,
२. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र विषयगत शाखालाई सहयोग गर्ने,
३. बालबालिका सम्बन्धी कार्य गर्दा स्थानीय तहसंग समन्वय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने गराउने,
४. आ–आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

**ग) बालमैत्री स्थानीय शासन वडा समिति**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको नीति तथा योजना तयार गर्न र यस पद्धतिको प्रवर्द्धन गर्न वडा समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न वडास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी आवधिक, वार्षिक लगानी योजना तर्जुमा र बजेट विनियोजन गर्न वडा समिति र नगरपालिकासंग समन्वय गर्ने,
४. बालबालिकाको क्षेत्रमा वडास्तरमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा वडा बीच आवश्यक समन्वय गर्ने गराउने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गरी अभिलेख राख्ने।

**च) अन्य समूह संगठन,सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गैसस तथा अन्य संघसंस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहमा सहयोग पुर्याउने,
२. बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदायस्तरसम्म पुर्याउन प्रवर्धनात्मक कार्यहरु गर्ने,
३. बालसमूहहरुको विकास र प्रवर्द्धनमा सहयोग पुर्याउने,
४. कार्यक्रमको स्वःअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने, र स्थानीयस्तरमा उपलव्ध साधन स्रोत बालबालिकाका क्षेत्रमा परिचालन गर्ने,
५. सरोकारबालासंग सम्पर्क एवं समन्वय गर्ने र साझेदारी निर्माण गर्ने,
६. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्ने,
७. आ–आफ्नो क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने,
८. आ–आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने

## ९.अनुगमन, समीक्षा, मुल्यांकन, प्रतिवेदनको व्यवस्थाः

**अनुगमनः**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका तथा घोषणा कार्यविधिमा निर्दिष्ट गरिएको अनुगमन चेकलिष्ट र प्रक्रियालाई व्यवहारमा अवलम्बन गरी वडा, उपमहानगरपालिका तथा जिल्ला समन्वय समितिबाट नियमित रुपमा अनुगमन गरिनेछ। अनुगमनबाट प्राप्त तथ्य बमोजिम आवश्यकताअनुसार कार्ययोजनामा थप गरी कार्यान्वयनको पक्षमा जोड दिइनेछ ।

**समीक्षाः**

बालमैत्री घोषणा पश्चातको दिगोपनाका लागि तयार गरिएका योजना बमोजिम कार्य भए/नभएको र उक्त योजनाहरुबाट कस्तो प्रभाव परेको छ र आगामी दिनमा सुधारका लागि कस्तो प्रकारको रणनीति बनाउने भन्ने विषयलाई मुख्य प्रस्ताव बनाइ आवधिक रुपमा वडा तथा उपमहानगरपालिकास्तरीय समीक्षा कार्यक्रम गरिनेछ।

**मूल्यांकनः**

घोषणा पश्चात सत प्रतिशत सूचक हाँसिल र निरन्तरताका लागि बनाइएको कार्ययोजना कार्यान्वयनको अवस्था र प्रभावको तालमेल मिले नमिलेको विभिन्न स्तरबाट सूचना संकलनको आधारमा मूल्यांकन गरिने छ।

**प्रतिवेदनः**

घोषणा पश्चातको दिगोपनाका लागि बनाइएको कार्ययोजना बमोजिम कार्यको अभिलेखीकरण वडाद्धारा मासिक रुपमा नगरपालिकामा पेश गरेर उपनगरपालिका र वडाको बालमैत्री स्थानीय शासनका सूचक र बाल अधिकारको समग्र विषयलाई समेटी त्रैमासिक, वार्षिक प्रतिवेदन प्रकाशनमा सहयोग गरिने छ।

## १०. स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको सहभागीताको स्थिति

| क्र.स. | सहभागिता भएको निकाय | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन नगर समिति | १ | १ | २ |
| २ | बालमैत्री स्थानीय शासन वडा समितिहरुमा | १९ | १९ | ३८ |
| ३ | नगर बाल अधिकार समिति | १ | १ | २ |
| ४ | वडा बाल अधिकार समिति | १९ | १९ | ३८ |
| ५ | विद्यालय व्यवस्थान समिति | १०६ | १०६ | २१२ |
| ६ | स्वास्थ्य व्यवस्थापन समिति | २२ | २२ | ४४ |
| ७ | नगरस्तरीय विपद् व्यवस्थापन समिति | १ | १ | २ |
| ८ | वडास्तरीय विपद् व्यवस्थापन समिति | १९ | १९ | ३८ |
| ९ | सबै वडाका बाल समूह | ३९४९ | ४४५० | ८३९९ |
| १० | नगरस्तरीय बाल संजाल र वडास्तरीय बाल संजाल | २०१ | २८८ | ४८९ |
| | **जम्मा प्रत्यक्ष सहभागिता** | **४३३१** | **४९१९** | **९२५०** |

## ११. घोषणा पश्चात दिगोपनाको लागि आवश्यक पर्ने केही अनुगमन फारामहरु

**हेटौडा उपमहानगरपालिका**

....न. वडा कार्यालय

बालमैत्री स्थानीयशासनको दिगोपनाका लागि विद्यालय स्तरको स्थलगत अनुगमन चेकलिष्ट

विद्यालय र बाल विकास केन्द्रको अनुगमन फारम

शैक्षिक सत्र २०८...

**१.विद्यालयको नाम :**

**२.विद्यार्थी संख्या** : जम्मा......... छात्राः..............छात्र...................

(क)५ वर्षउमेर पुगेका कुल विद्यार्थी संख्या

| बालक संख्या | बालिका संख्या |
|---|---|
| | |

(ख)कक्षा १मा भर्ना भएका ५ वर्ष उमेर पुगेका विद्यार्थी संख्या

| बालक संख्या | बालिका संख्या |
|---|---|
| | |

(क)५ देखि १२ वर्ष उमेर समुहका कुल विद्यार्थी संख्या

| बालक संख्या | बालिका संख्या |
|---|---|
| | |

(ख)कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने ५ देखि १२ वर्ष उमेर समुहका विद्यार्थी संख्या

| बालक संख्या | बालिका संख्या |
|---|---|
| | |

**३.शिक्षक संख्याः** जम्मा...........शिक्षक................शिक्षिका..............

**४.बालविकास केन्द्रको नाम** :

**५.सहयोगी कार्यकर्ताको नाम :**

**६.बालविकास केन्द्रको विद्यार्थी संख्या** : जम्मा........ छात्राः..............छात्र...................

**३-४ वर्षको विद्यार्थी संख्या**

| छात्र संख्या | छात्रा संख्या |
|---|---|
| | |

**बालविकास केन्द्र व्यवस्थापन समिति गठन भए/नभएको**

| भएको | नभएको |
| --- | --- |
| | |

१.बैठक बसेको संख्या :

२.बैठकमा भएको मूख्य निर्णयहरु :

क.

ख.

**७.विद्यालयमा व्यवस्थापन समिति गठन भए/नभएको**

| भएको | नभएको |
| --- | --- |
| | |

**८.वि.व्य.स.को पदाधिकारीको संख्याः** जम्मा......महिला .......पुरुष..........बालक......बालिका......

**९.विद्यालयमा बाल समूह गठन भए/नभएको**

| भएको | नभएको |
| --- | --- |
| | |

(क) भएको भए: बालसमूहमा भएका पदाधिकारीको संख्या: जम्मा........बालक.......बालिका.........

**१०.वि.व्य.स.बैठकमा बालसमूह प्रतिनिधिको सहभागिता भए/नभएको**

| भएको | नभएको |
| --- | --- |
| | |

(क)वि.व्य.स.को बैठकमा बालसमूहबाट आएको मुख्य प्रस्तावहरु :

क.

ख.

ग.

(ख)बालसमुहको प्रस्ताव माथी भएका मूख्य निर्णयहरु :

क.

ख.

ग.

**११.विद्यालयमा छात्र र छात्राको लागि अलग अलग शौचालय भए/नभएको**

| भएको | नभएको |
|---|---|
| | |

(क).कम्तिमा ६० जना विद्यार्थी बराबर १ का दरले शौचालय भए/नभएको :

| छात्र शौचालय संख्या | छात्रा शौचालय संख्या |
|---|---|
| | |

(ख).शौचालयमा साबुनपानीको व्यवस्थाभए/नभएको

| भएको | नभएको |
|---|---|
| | |

(ग).छात्रामैत्री शौचालय भए/नभएको

| भएको | नभएको |
|---|---|
| | |

(घ)विद्यालयमा सेनेटरी प्याडको व्यवस्था भए/नभएको

| भएको | नभएको |
|---|---|
| | |

**१२.विद्यालयमा बालमैत्री धारा भए/नभएको**

| भएको | नभएको |
|---|---|
| | |

**१३.विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षिका भए/नभएको**

| भएको | नभएको |
|---|---|
| | |

**१४.विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था भए/नभएको**

| भएको | नभएको |
|---|---|
| | |

**१५.अतिरिक्त क्रियाकलापका लागि वार्षिक क्यालेण्डर बनाएको/नबनाएको**

| बनाएको | नबनाएको |
|---|---|
| | |

**१६.विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन भए/नभएको**

| भएको | नभएको |
|---|---|
| | |

(क).भएको भएकति पटक ? ..........

**१७.विद्यालयमा वालविवाह, बालश्रम, बालयौन दुर्व्यवहार तथा बालअधिकारको विषयवस्तुमा अतिरिक्त कक्षा संचाल नहुने गरेको/नगरेको**

| भएको | नभएको |
|---|---|
| | |

(क).भएको भएकति पटक ? ..........

**१८.विद्यालयमा बालआचारसंहिताको प्रयोग भए/नभएको**

| भएको | नभएको |
|---|---|
| | |

**१९.विद्यालयमा खेल्ने चौर भए/नभएको ?**

| भएको | नभएको |
|---|---|
| | |

चौकको क्षेत्रफल : .................वगं कि.मि.

**२०.विद्यालय क्षेत्रभित्रका विद्यालय उमेर पुगेका सम्पूर्ण बालबालिका विद्यालयमा भर्ना भएको/नभएको**

| भएको | नभएको |
|---|---|
| | |

नभएको भए कति जना?.........

**अनुगमनकर्ताः** **सूचनादाता :**नाम ,पद,निकाय **प्रमाणित गर्ने**

हस्ताक्षरः हस्ताक्षर हस्ताक्षर

## विद्यालय भित्रको स्थलगत अनुगमन चेकलिष्ट

हेटौंडा उपमहानगरपालिका,

.... नं. वडा कार्यालय

विद्यालयको नामः

मितिः

१. शौचालयको अवस्था

| बिषय | राम्रो पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| सरसफाई | | |
| पानी, साबुन | | |
| भित्तामा केरमेट | | |
| छात्र/छात्रा मैत्री शौचालय | | |
| छात्रा शौचालय, प्याडको वितरण, उचित विसर्जन | | |

२.बाल विकास केन्द्र र पुर्व प्राथमिक कक्षाको अवस्था

| बिषय | राम्रो पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| विद्यार्थी भर्ना र उपस्थीति | | |
| पानी, खाजा | | |
| सरसफाई, जुत्ता राख्ने र्‍याक | | |
| शौक्षिक सामाग्री र उत्पादन | | |

३.कक्षाको अवलोकन

| बिषय | राम्रो पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| पोषाक | | |
| सिकाईको मापन, बोर्ड सम्म पहुचँ | | |
| सरसफाई | | |
| बाल अधिकार, बाल समूह, वि. व्य. स. बैठकमा सहभागिता | | |
| भित्तामा केरमेट | | |

४.खानेपानी, प्राङ्गण अवलोकन

| बिषय | राम्रो पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|
| खानेपानीको अवस्था | | |
| सिकाईको मापन, बोर्ड सम्म पहुचँ | | |
| सरसफाई | | |
| बाल अधिकार, बाल समूह, वि. व्य. स. बैठकमा सहभागिता | | |
| भित्तामा केरमेट | | |

५.कार्यालयको व्यवस्थापन अवस्था

| बिषय | राम्रो पक्ष | सुधार गर्नु पर्ने पक्ष |
| --- | --- | --- |
| शिक्षक भर्ना र हाजिरी, पोषाक | | |
| भित्तामा शैक्षिक अभिलेख | | |
| बाल समूह रजिष्टर, वि. व्य. स. रजिष्टर, अतिरिक्त क्रियाकलाप निरिक्षण पुस्तिका | | |
| शैक्षिक सामाग्री | | |

अनुगमनकर्ता :

प्रमाणित गर्ने :
विद्यालय

## हेटौडा उपमहानगरपालिका

.....नं. वडा कार्यालय

बालमैत्री स्थानीय शासन घोषणा पश्चातको दिगोपनाको लागि फिल्ड स्तरको अनुगमन चेकलिष्ट

**बालसमूह/बालसमूह संजाल अनुगमन प्रश्नावली**

(अनुगमन कर्ताले आफ्नो परिचय दिने तथा आफु आउनुको कारण बताउने)

१. बालसमूह/बालसंजालको नाम : ................................................................

क) ठेगानाः  वडा नम्बर .................

२. सूचीकृत भए/ नभएको ................

३. बालक्लब/बालसंजालमा भएका बालबालिकाको संख्या .......बालक............बालिका.............

४. कार्य समिति सदस्यको संख्या..........बालक............बालिका.............

५. महिनामा एक पटक बैठक बस्ने गरेको छ/छैन............

छैन भने किन? ....................................

६. बालक्लबले हाल सम्म गरेका कार्यक्रमहरुः

१...............................

२.............................

३.................................

७. बालमैत्री सम्बन्धी तालिम/अभिमुखीकरणमा कति जनाले भाग लिएकोः  छ...........छैन.........

भए कति जना.................

बालक्लबबाट स्थानीय निकायको योजना तर्जुमा संयन्त्रमा सहभागी छ/छैन? ..

छ भने के मा..............................

८. बालमैत्री स्थानीय शासनको बारेमा थाहा छ ? ..................................

बालमैत्री भनेको के हो ल भन्नुस त । उहाँको उत्तर लेख्नुस छोटकारीमाः

९. बालसमूह सदस्यको केही जिज्ञासा छन् भने उल्लेख गर्नुस :

१.

२.

बालमैत्री अनुगमन कार्यमा सहयोग गर्नु भएकोमा धन्यवाद ।

मितिः

१०.अनुगमन कर्ताको अन्य केही सुझाव भए उल्लेख गर्ने

१.

२.

३.

**अनुगमनकर्ता**

| क्र.स. | नाम | कार्यालय | पद | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

हेटौंडा उपमहानगरपालिका

.... नं. वडा कार्यालय

बालमैत्री स्थानीय शासन घोषणा पश्चातको दिगोपनाका लागि फिल्ड स्तरको अनुगमन चेकलिष्ट

**बालमैत्री स्थानीय शासन घरधूरी अनुगमन प्रश्नावली**

(अनुगमनकर्ताले आफ्नो परिचय दिने तथा आफु आउनुको कारण बताउने)

१. घरमुलीको नामः .............................................................

क) ठेगानाः वडा नम्बर ................, .............टोल

२. परिवार संख्याः महिला ....... पुरुष....... जम्मा.............

क)उमेरगत संख्याः

| उमेर | बालक | बालिका | उमेर | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ वर्ष मूनि | | | १९-६० वर्ष सम्मका | | |
| १-२ वर्ष सम्मका | | | ६० वर्ष माथिका | | |
| ५ वर्ष मूनिका | | | | | |
| ५-१२ वर्ष मूनिका | | | | | |
| १२-१८ वर्ष सम्मका | | | | | |

ख) पेशामा संलग्न : कृषि......... व्यापार........ रोजगारी..........अन्य..........

ग) शौचालयः छ.......... छैन......... छ भने पक्की........कच्ची................

शौचालयमा पानीको प्रबन्धः धारा.................., टंकी.................., बाल्टी.............

शौचालयमा छेस्केनी बाल सुलभ (छ/छैन) .....................

घ) खानेपानी सुविधाः धारा..............इनार.............कुँवा...............

धारामा वा धारा नजिकै साबुन राख्ने ठाउँ छ/छैनः ..................

खानेपानी छोपेको छ/छैनः ................

हात धुने स्थान व्यवस्था र विधिको जानकारी (छ/छैन).......................

ङ) नूनको प्रयोग

आयोडिन.........................ढिका...........................अन्य..............

प्रयोग विधिः खाना पकाउने बेला नुन कतिबेला राख्ने गरेको.....१. पहिलै २.पकाइसकेपछि

नून राख्ने बट्टा छोपेकोः छ..............छैन.....................

च) ५ वर्ष मुनीको बालबालिकाको जन्मदर्ता भएकोः

| क्र.स. | नाम | दर्ता ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

छ) गर्भवतीः भएको.....................नभएको................भएमा कति जना...............

गर्भजाँच गराएको (छ/छैन).......................

टि.डि लगाएको (छ/छैन).....................

ज) १ वर्ष भरीमा सुत्केरी भएकाको संख्याः ...............

आइरन चक्कीः खाएको......... नखाएको ................

सुत्केरी भएको स्थानः अस्पताल....................स्वास्थ्य संस्था...................

घर (स्वास्थ्य कर्मीको)ः उपस्थिती........... अनुपस्थिती..............

सुत्केरी जाँच गराएको (छ/छैन)............. छ भने कति पटक...................

बच्चालाई लगातार ६ महिना स्तनपान गराएकोः छ................छैन................

स्वास्थ्य स्वयंसेविकाको सेवा प्राप्त गरेको (छ/छैन)ः ..............

झ) २ वर्ष मुनीका बच्चाको खोपको मात्रा पूरा गरेको

खोप कार्डः छ............ छैन..........नभएको कारण...................

ञ) भिटामिन ए खाएको (छ/छैन)ः .................छैन भने किन? ............................

एच.आइ.भी. संक्रमितले ए.आर.भी.ः लिएको..................नलिएको.......................

ट) ३-४ वर्षका बालबालिका बाल विकास भर्ना (संख्या)..............

ठ) ५ वर्ष देखि १२ वर्षका बच्चा विद्यालय भर्ना भएका छन् ?संख्या...........

ड) १२ वर्ष देखि १८ वर्षका बच्चा बालक्लबमा सामेल छन् ?संख्या.........

ढ) घरमा काम गर्न बालबालिका राखेको (छ/छैन)

छ भने नाम...........................उमेर................स्थान..............

ण) आफ्नो १८ वर्ष सम्म उमेरको बालबालिका अन्यत्र काममा पठाएकोः छ......छैन.......

छ) भने नाम.............................उमेर..................स्थान.....................

त) १ वर्ष भरीमा कसैको विवाह भएकोः छ...............छैन................

छ भनेः पुरुषको उमेर...........महिलाको उमेर................

थ) घरबाट विद्यालयको दुरी/समयः

| | बाल विकास | प्रा. वि. | नि.मा वि. | मा.वि. |
|---|---|---|---|---|
| दुरी | | | | |
| लाग्ने समय | | | | |

द) बालबालिकालाई घरको निर्णय प्रक्रियामा सहभागी बनाउने गरेकोः छ..........छैन..........

खास बालबालिकाको सल्लाहमा गरेको कुनै काम

१.................................................

२.....................................

ध) बालबालिका विरुद्ध घरेलु हिंशा हुने गरेको (छ/छैन)

छ भने कस्तो खालको हिंशा......................................

न) १ वर्ष भरिमा कसैको मृत्यु भएकोः छ...............छैन................

छ भने मृत्यु दर्ता गरेको छ छैन ...........................

छ भने

| क्र.स. | नाम | उमेर | देहावसन मिति | कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

म) घरमा बालबालिकाको लागि खेलकुद/मनोरञ्जनको साधनः छन्............छैनन्.............

छ भने १.......................................

२.........................................

३...............................................

४...........................................

प) करेशाबारी : छ.................छैन...............

छ) भने विषादी रासायनिक मल प्रयोगः छ.............छैन...................

फ) बालमैत्री सम्बन्धी तालिम/अभिमुखीकरणमा कति जनाले भाग लिएकोः छ............छैन.........

भए कति जना.................

घर परिवारबाट बालबालिका स्थानीय तहको योजना तर्जुमा संयन्त्रमा सहभागी छ/छैन?.......

छ भने के मा..............................

ब) बालमैत्री भनेको के हो ल भन्नुस त । उहाँको उत्तर लेख्नुस छोटकारीमाः

भ) घरमुलीको केही जिज्ञासा छन् भने उल्लेख गर्नुसः

१.

२.

बालमैत्री स्थानीय शासन सम्बन्धी अनुगमनमा सहयोग गर्नु भएकोमा धन्यवाद ।

मिति:

म) अनुगमनकर्ताको अन्य केही सुझाव भए उल्लेख गर्ने

१.

२.

३.

४.

५.

**अनुगमनकर्ताः**

| क्र.स. | नाम | कार्यालय | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# धन्यवाद !!!